# QRT/IRT परिचालन कार्ययोजना

# २०८३

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालय

## संखुवासभा

(मिति २०८३/०३/२९ गतेको जिल्ला सुरक्षा समितिबाट पारित)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

## १. पृष्ठभूमि (Background)

नेपालको संविधानले नागरिकको जीउ-धनको रक्षालाई राज्यको प्राथमिक दायित्वको रूपमा स्वीकार गरेको छ । संखुवासभा जिल्ला, कोशी प्रदेशको एक महत्वपूर्ण हिमाली जिल्ला हो, जहाँ विश्वको पाँचौं अग्लो शिखर मकालुदेखि नेपालकै होचो उपत्यका अरुण उपत्यकासम्मको विविधता रहेको छ । यस जिल्लाको करिब ८० प्रतिशत भू-भाग भिरालो र भौगर्भिक रूपमा कमजोर रहेकाले मनसुनी वर्षाको समयमा पहिरो र बाढीको अत्यधिक जोखिम रहन्छ । विगतका अनुभवहरूले के देखाएका छन् भने, विपद्को समयमा हुने मानवीय क्षतिको मुख्य कारण **'प्रतिक्रिया समय'** (Response Time) मा हुने ढिलाइ हुनु हो । संखुवासभाका विकट गाउँपालिकाहरू (जस्तै: भोटखोला, मकालु, सिलिचोङ) मा सडक सञ्जालको अभाव र कठिन भूगोलका कारण परम्परागत उद्धार प्रणाली चुनौतीपूर्ण छ । यसै सन्दर्भमा, विपद्को सूचना प्राप्त हुनासाथ **'शून्य समय'** मा परिचालन हुन सक्ने गरी दक्ष, अनुशासित र साधन सम्पन्न टोलीको आवश्यकता महसुस गरी यो **QRT/IRT परिचालन योजना** तर्जुमा गरिएको हो ।

## २. परिचय (Introduction)

यो योजना संखुवासभा जिल्ला भित्र घट्ने कुनै पनि आकस्मिक विपद् वा दुर्घटनामा एकीकृत र समन्वयात्मक रूपमा उद्धार कार्य सञ्चालन गर्ने कार्यविधि हो । यसले जिल्ला स्थित सुरक्षा निकाय, प्रशासनिक संयन्त्र र स्थानीय स्रोत-साधनलाई एउटै कमाण्ड प्रणाली अन्तर्गत ल्याउँदछ ।

- **Quick Response Team (QRT):** यसको मुख्य उद्देश्य घटनाको १५ देखि ३० मिनेटभित्र घटनास्थलमा पुगेर प्रारम्भिक उद्धार (First Aid) र अवस्थाको वास्तविक रिपोर्टिङ गर्नु हो ।
- **Incident Response Team (IRT):** यो एक बृहत् र विशेषज्ञ टोली हो । जसमा स्वास्थ्यकर्मी, इन्जिनियर, र भारी उपकरण चालकहरू समावेश हुन्छन् । ठूला दुर्घटना, बाढी वा पहिरोमा दीर्घकालीन उद्धार र प्राविधिक सहयोगका लागि यो टोली परिचालित हुन्छ ।

## ३. उद्देश्य र कार्यक्षेत्र (Objectives and Scope)

### ३.१ मुख्य उद्देश्यहरू (Key Objectives)

**यस परिचालन योजनाका मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:**

- **शीघ्र प्रतिक्रिया (Rapid Response):** विपद् वा दुर्घटनाको सूचना प्राप्त हुनासाथ न्यूनतम समय (Response Time) भित्र दक्ष जनशक्ति र आवश्यक उपकरणसहित घटनास्थलमा पुग्नु ।
- **जीवन रक्षा (Life Saving):** घटना भएको पहिलो एक घण्टा भित्रै घाइतेहरूको उद्धार र प्राथमिक उपचार गरी मानवीय क्षतिलाई न्यूनिकरण गर्नु ।
- **एकीकृत कमाण्ड प्रणाली (Unified Command):** नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबीच कार्यगत समन्वय गरी स्रोत र साधनको अधिकतम उपयोग गर्नु ।
- **सत्यतथ्य सूचना सङ्कलन:** घटनास्थलबाट वस्तुगत र यथार्थ विवरण तत्काल जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) मा पठाउनु ताकि थप मद्दतको आवश्यकता पहिचान हुन सकोस् ।
- सम्पत्ति र पूर्वाधारको संरक्षण: प्राकृतिक वा मानवसिर्जित प्रकोपबाट सार्वजनिक तथा निजी सम्पत्ति र महत्वपूर्ण पूर्वाधार (जस्तै: पुल, जलविद्युत गृह) को क्षति हुनबाट जोगाउनु ।

जिल्ला अधिकारी

### ३.२ कार्यक्षेत्र (Scope of Work)

क) भौगोलिक कार्यक्षेत्र:

- जिल्लाका सबै ५ नगरपालिका र ५ गाउँपालिका।
- विकट हिमाली क्षेत्र (भोटखोला र मकालु) देखि नदी तटीय क्षेत्र (अरुण करिडोर) सम्म।
- राष्ट्रिय गौरवका आयोजना (अरुण-३) र कोशी राजमार्गका निर्माण स्थलहरू।

ख) घटनागत कार्यक्षेत्र (Types of Incidents):

- प्राकृतिक विपद्: पहिरो, बाढी, भूकम्प, आगलागी (वन डढेलो समेत), र चट्याङ।
- सडक दुर्घटना: सार्वजनिक तथा निजी सवारी साधन दुर्घटना र भीरबाट लडेका घटनाहरू।
- स्वास्थ्य आपतकाल: महामारी, लेक लाग्ने (Altitude Sickness), र जटिल रेस्क्यु (Air Airlift) आवश्यक पर्ने अवस्था।
- खोजी तथा उद्धार: जङ्गल वा हिमालमा हराएका पर्यटक वा स्थानीयको खोजी।

(ग) प्राथमिकता निर्धारण (Prioritization)

- प्राथमिकता १: मानव जीवनको सुरक्षा र उद्धार।
- प्राथमिकता २: घाइतेको उपचार र तत्काल अस्पताल प्रेषण (Evacuation)।
- प्राथमिकता ३: सार्वजनिक सञ्चार र यातायातका अवरोध (सडक खुलाउने) हटाउनु।
- प्राथमिकता ४: राहत सामग्रीको सुरक्षित ढुवानी र वितरण।

## ४. संखुवासभाको जोखिम विश्लेषण (Hazard Mapping)

संखुवासभा जिल्लाको उत्तरमा तिब्बतसँग जोडिएको हिमाली क्षेत्र र दक्षिणमा अरुण उपत्यकाको गहिरो खोंचका कारण यहाँको जोखिमको प्रकृति फरक-फरक छ। टोली परिचालनको पूर्वतयारीका लागि निम्न अनुसारको विश्लेषण गर्न सकिन्छ

### ४.१ प्रमुख जोखिमका प्रकारहरू (Major Hazards)

| जोखिमको प्रकार | प्रभावित हुन सक्ने मुख्य क्षेत्रहरू (Hotspots) | जोखिमको स्तर |
|---|---|---|
| पहिरो (Landslide) | कोशी राजमार्ग (खाँदबारी-नुम खण्ड), भोटखोला, मकालु, र सिलिचोङ गाउँपालिका। | उच्च |
| बाढी (Flood/GLOF) | अरुण, बरुण र सभा खोला किनारका बस्तीहरू (जस्तै: वरुण बजार, हेदाङ्ना)। | मध्यम-उच्च |
| सडक दुर्घटना | खाँदबारी-चैनपुर सडक, मुढे-नुम सडक खण्ड, र पहाडी ग्रामीण सडकहरू। | उच्च |
| आगलागी/डढेलो | खाँदबारी, चैनपुर र मादीका बाक्लो बजार क्षेत्र तथा सामुदायिक वनहरू। | मध्यम |
| लेक लाग्ने (Altitude) | मकालु बेस क्याम्प ट्रेक, भोटखोलाको उच्च हिमाली भेग। | न्यून-मध्यम |

४.२ स्थानीय तहगत जोखिम वर्गीकरण (Palika-wise Hazard Assessment)

➢ **भोटखोला र मकालु गाउँपालिका:**
- **मुख्य जोखिम:** हिमपहिरो, बाढी र सडक सञ्जालको अभावमा हुने खाद्यान्न संकट।
- **QRT परिचालन चुनौती:** कठिन भूगोल र सञ्चार अवरोध। हेलिकोप्टरबाट रेस्क्युको बढी सम्भावना रहेको।

➢ **सिलिचोङ र चिचिला गाउँपालिका:**
- **मुख्य जोखिम:** वर्षायाममा भीषण पहिरो र सडक अवरोध।
- **IRT को भूमिका:** सडक विभागसँगको समन्वयमा भारी उपकरण (Excavators) प्रयोग गरी सडक सुचारु राख्ने।

➢ **खाँदबारी र चैनपुर नगरपालिका:**
- **मुख्य जोखिम:** सहरी आगलागी र सडक दुर्घटना।
- **QRT को भूमिका:** दमकल र एम्बुलेन्सको समन्वयमा तत्काल उद्धार।

➢ **अरुण-३ परियोजना क्षेत्र (नुम, फ्याक्सिन्दा):**
- **मुख्य जोखिम:** सुरुङ भित्रको दुर्घटना र कामदारहरूको सुरक्षा।
- **IRT को भूमिका:** औद्योगिक विपद् व्यवस्थापन र विशेष उद्धार टोलीको परिचालन।

➢ **सभापोखरी र पाँचखपन नगरपालिका:**
- **मुख्य जोखिम:** बाढी/पहिरो।
- **QRT को भूमिका:** दमकल र एम्बुलेन्सको समन्वयमा तत्काल उद्धार।
- **IRT को भूमिका:** सडक विभागसँगको समन्वयमा भारी उपकरण (Excavators) प्रयोग गरी सडक सुचारु राख्ने।

➢ **मादी र धर्मदेवी नगरपालिका:**
- **मुख्य जोखिम:** पहिरो/पहिरो, भूकम्प, सडक दुर्घटना।
- **QRT को भूमिका:** दमकल र एम्बुलेन्सको समन्वयमा तत्काल उद्धार।
- **IRT को भूमिका:** सडक विभागसँगको समन्वयमा भारी उपकरण (Excavators) प्रयोग गरी सडक सुचारु राख्ने।

४.३ मौसमी जोखिम (Seasonal Hazard)
- **जेठ- भदौ (वर्षायाम):** बाढी र पहिरोको उच्च जोखिम (यो समयमा QRT लाई 'High Alert' मा राखिने)।
- **मंसिर - फागुन (हिउँद):** आगलागी, वन डढेलो र सितलहरको जोखिम।
- **वर्षभरि:** सडक दुर्घटना र निर्माण क्षेत्रका आकस्मिक घटनाहरू।

५. जोखिम न्यूनीकरणका लागि 'रणनीतिक विन्दुहरू' (Deployment Points)

QRT टोलीलाई छिटो परिचालन गर्न निम्न स्थानहरूमा स्टेण्डबाईको रुपमा राख्न सकिन्छ।

- **सेक्टर १ (सदरमुकाम):** खाँदबारी/ चिचिला (केन्द्रीय समन्वय)।
- **सेक्टर २ (दक्षिणी):** चैनपुर/धर्मदेवी/मादी (सडक दुर्घटना र आगलागी लक्षित)।
- **सेक्टर ३ (उत्तरी):** नुम (परियोजना र पहिरो लक्षित)।
- **सेक्टर ४ (पूर्व):** बाह्रबिसे/पाँचखपन (परियोजना र पहिरो लक्षित)।

- **सेक्टर ३ (उत्तरी):** नुम (परियोजना र पहिरो लक्षित)।
- **सेक्टर ४ (पूर्व):** बाह्रबिसे/पाँचखपन (परियोजना र पहिरो लक्षित)।
- **सेक्टर ५ (हिमाली):** हटिया (भोटखोला क्षेत्रको प्रारम्भिक रेस्पोन्स)।
- **सेक्टर ६ (पश्चिम):** सिलिचोङ (परियोजना र पहिरो लक्षित)।

## ६. कानुनी र नीतिगत आधारहरू (Legal and Policy Framework)

यस परिचालन योजनाको तर्जुमा र कार्यान्वयनमा निम्न कानुनी दस्तावेजहरूलाई मुख्य आधार मानिएको छ:

### नेपालको संविधान

नेपालको संविधानको **धारा ५१ (छ)** मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण, उद्धार, पुन:स्थापना र सहज आपूर्तिको व्यवस्था गर्ने उल्लेख छ।

### ६.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

- जिल्ला विपद् व्यवस्थापन समितिलाई खोज, उद्धार र राहतका लागि विशेष टोली (QRT/IRT) गठन गर्ने अधिकार दिएको छ।
- विपद्को समयमा निजी क्षेत्रका सवारी साधन, उपकरण (डोजर, एम्बुलेन्स) र घरजग्गा समेत अधिग्रहण गरी उद्धारमा प्रयोग गर्न सकिने कानुनी व्यवस्था छ।

### ६.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

संखुवासभाका १० वटै स्थानीय तहलाई आफ्नो कार्यक्षेत्र भित्र विपद् व्यवस्थापन गर्ने, स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्ने र बजेट विनियोजन गर्ने अधिकार यस ऐनले प्रदान गरेको छ। QRT/IRT परिचालनमा स्थानीय तहको भूमिका यसै ऐनमा आधारित छ।

### ६.३ राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा (NDRF), २०७०

यो कार्यढाँचाले विपद्को समयमा विभिन्न निकायहरूको जिम्मेवारी तोकेको छ। संखुवासभामा हुने परिचालनमा निम्न भूमिका स्पष्ट गरिएको छ:

- **खोज र उद्धार:** सुरक्षा निकाय (सेना, प्रहरी, सशस्त्र)।
- **स्वास्थ्य:** जिल्ला स्वास्थ्य कार्यालय र अस्पतालहरू।
- **सञ्चार:** जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC)।

### ६.४ जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०८१

संखुवासभा जिल्ला प्रशासन कार्यालयले हरेक वर्ष अद्यावधिक गर्ने यस योजनाले जिल्लाको विशिष्ट जोखिमका आधारमा QRT र IRT को परिचालन विधिलाई मार्गदर्शन गर्दछ।

### ६.५ अन्य सम्बन्धित नीति तथा निर्देशिकाहरू:

- **खोज तथा उद्धार निर्देशिका:** उद्धार टोलीले पालना गर्नुपर्ने प्राविधिक मापदण्ड।
- **एम्बुलेन्स सञ्चालन निर्देशिका:** घाइते ओसारपसारका लागि अपनाइने विधि।
- **विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि:** परिचालनमा लाग्ने खर्चको व्यवस्थापन र भुक्तानी प्रक्रिया।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय संखुवासभा

### ६.६ कानुनी पालना र दायित्व

- **आदेशको श्रृङ्खला (Chain of Command):** टोलीले जिल्ला कमाण्ड पोस्ट (प्रमुख जिल्ला अधिकारी) को निर्देशन अनिवार्य पालना गर्नुपर्नेछ।
- **पहुँच र सुरक्षा:** उद्धारको क्रममा हुने क्षति र मानवीय गल्तीका सम्बन्धमा ऐनले तोकेको संरक्षण र दायित्व यस योजनामा लागू हुनेछ।

## ७. QRT/IRT टोलीको संरचना (Organizational Structure)

**जिल्ला विपद् कमाण्ड पोस्ट (District Disaster Command Post):-** परिचालनको सर्वोच्च निकायको रूपमा जिल्ला प्रशासन कार्यालयमा कमाण्ड पोस्ट रहनेछ।

- **संयोजक:** प्रमुख जिल्ला अधिकारी (CDO)
- **सदस्यहरू:** प्रमुख (नेपाली सेना), प्रहरी नायब उपरीक्षक (नेपाल प्रहरी), सशस्त्र प्रहरी नायव उपरीक्षक (सशस्त्र प्रहरी बल), राष्ट्रीय अनुसन्धान (जिल्ला कार्यालय प्रमुख) र प्रमुख (जिल्ला अस्पताल)।

**Quick Response Team (QRT) - "तत्काल परिचालन टोली"** यो टोली जिल्लाका विभिन्न ५ वटा 'रेस्पोन्स केन्द्र' मा तयारी अवस्थामा रहनेछ। यसको मुख्य काम सूचना पाएको १०-१५ मिनेटभित्र घटनास्थलतर्फ प्रस्थान गर्नु हो।

**टोलीको बनावट (प्रति टोली १० जना):**

१. **नेपाल प्रहरी (५ जना):** घटनास्थलको सुरक्षा, भीड नियन्त्रण र प्रारम्भिक रिपोर्टिङ।

२. **सशस्त्र प्रहरी बल (४ जना):** खोज तथा उद्धारका आधारभूत कार्यहरू।

३. **प्राथमिक उपचार सहायक (१ जना):** नेपाल रेडक्रस वा स्वास्थ्य संस्थाबाट खटिएका सदस्य।

**टोलीको नेतृत्व:** प्रहरी वा सो सरहको अधिकृत।

**उपलब्ध साधन:** पिकअप भ्यान वा मोटरसाइकल, स्ट्रेचर, डोरी, र सञ्चार सेट।

**Incident Response Team (IRT) - "घटना प्रतिकार्य टोली"** यो टोली जटिल विपद् (ठूलो पहिरो, बाढी, विमान दुर्घटना वा ठूला आगलागी) मा परिचालन हुने विशेषज्ञ टोली हो।

**टोलीको बनावट (प्रति टोली १५-२० जना):**

१. **नेपाली सेना (१० जना):** जटिल खोज र उद्धार (High Altitude र Technical Rescue) विशेषज्ञ।

२. **नेपाल प्रहरी/सशस्त्र प्रहरी (५/५ जना):** विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्ति।

३. **प्राविधिक टोली (२-३ जना):** सडक विभाग वा जलविद्युत आयोजनाका इन्जिनियर (डोजर र भारी मेसिन परिचालनका लागि)।

४. **स्वास्थ्य टोली (२ जना):** आकस्मिक चिकित्सक (Doctor) वा नर्स/प्यारामेडिक्स।

**टोलीको नेतृत्व:** नेपाली सेनाको सेनानी (Major) वा नेपाल प्रहरी/सशस्त्र प्रहरीको नायब उपरीक्षक (DSP)।

**उपलब्ध साधन:** पिकअप भ्यान,एम्बुलेन्स, ट्रक, डोजर/एक्साभेटर, र आवश्यकता परे हेलिकोप्टर।

## ८. संखुवासभा जिल्लाका रणनीतिक परिचालन बिन्दुहरू (Deployment Hubs)

| केन्द्र (Hub) | टोली प्रकार | समेट्ने क्षेत्र |
|---|---|---|
| खाँदबारी (मुख्य) | QRT र IRT | खाँदबारी, सभापोखरी, र तुम्लिङटार क्षेत्र। |
| चैनपुर (सेक्टर) | QRT | चैनपुर, धर्मदेवी र मादी नगरपालिका। |

... अधिकारी

| | | |
|---|---|---|
| नुम/बाहबिसे | QRT | बाहबिसे, चिचिला, मकालु र अरुण-३ आयोजना क्षेत्र। |
| हटिया (भोटखोला) | QRT | भोटखोला गाउँपालिकाको सीमावर्ती र हिमाली भेग। |
| सिलिचोङ सेक्टर | QRT र IRT | सिलिचोङ गाउँपालिका सबै। |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय संखुवासभा

## ९. परिचालन कार्यविधि (Standard Operating Procedure - SOP)

### चरण १: सूचना प्राप्ति र पुस्टि (Notification & Verification)

- **सञ्चालन केन्द्र:** जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) वा जिल्ला प्रहरी कार्यालयको नियन्त्रण कक्षमा सूचना प्राप्त हुनासाथ।
- **विवरण सङ्कलन:** घटनाको स्थान, प्रकृति (बाढी, पहिरो, दुर्घटना), र सम्भावित हताहतीको सङ्ख्या तत्काल टिपोट गर्ने।
- **पुस्टि:** नजिकैको प्रहरी चौकी वा स्थानीय जनप्रतिनिधि मार्फत सूचनाको सत्यतथ्य पुस्टि गर्ने।

### चरण २: टोली परिचालन (Mobilization)

- **Alert:** सूचना पुस्टि भएको **५ मिनेटभित्र** सम्बन्धित क्षेत्रको QRT लाई परिचालनको आदेश दिने।
- **QRT प्रस्थान:** सूचना पाएको **१० मिनेटभित्र** टोली आवश्यक उपकरणसहित घटनास्थलतर्फ प्रस्थान गरिसक्नुपर्नेछ।
- **IRT सक्रियता:** घटनाको प्रकृति ठूलो देखिएमा (जस्तै: ठूलो बस दुर्घटना वा बस्ती पुरिएको अवस्था) कमाण्ड पोस्टले तत्काल IRT लाई तयारी अवस्थामा रहन वा प्रस्थान गर्न आदेश दिनेछ।

### चरण ३: घटनास्थल कमाण्ड र नियन्त्रण (On-site Command)

- **कमाण्ड पोस्ट स्थापना:** घटनास्थल पुग्ने बित्तिकै QRT कमाण्डरले एक सुरक्षित स्थानमा 'अस्थायी कमाण्ड पोस्ट' खडा गर्नेछ।
- **अवस्थाको आँकलन (Size-up):** घटनास्थलको जोखिम (थप पहिरो झर्ने वा आगलागी फैलिने सम्भावना) हेरी सुरक्षा घेरा (Cordoning) बनाउने।
- **प्राथमिकता निर्धारण (Triage):** घाइतेहरूको अवस्था हेरी रातो (तत्काल उपचार), पहेँलो (पर्खिन सक्ने), र हरियो (सामान्य) कोडमा विभाजन गरी उद्धार गर्ने।

### चरण ४: खोज, उद्धार र उपचार (Search, Rescue & Treatment)

- **उद्धार:** भत्किएको वा थुनिएको ठाउँबाट घाइतेलाई सुरक्षित बाहिर निकाल्ने।
- **प्राथमिक उपचार:** घटनास्थलमै 'First Aid' उपलब्ध गराउने।
- **निकासी (Evacuation):** घाइतेलाई नजिकैको एम्बुलेन्स वा हेलिप्याडसम्म पुऱ्याउने। जिल्लाको हकमा खाँदबारी अस्पताल वा हेलिकोप्टर मार्फत काठमाडौं/विराटनगर प्रेषण गर्ने।

### चरण ५: परिचालन अन्त्य र प्रतिवेदन (Demobilization & Reporting)

- **अन्त्य:** सबै घाइतेको उद्धार भएपछि र अवस्था सामान्य भएपछि कमाण्ड पोस्टको अनुमतिमा टोली फिर्ता हुने।
- **Debriefing:** टोली फर्केपछि के कस्ता चुनौती आए र कहाँ सुधार गर्नुपर्छ भन्नेबारे समीक्षा गर्ने।
- **प्रतिवेदन:** घटनाको २४ घण्टाभित्र विस्तृत प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) मा पेश गर्ने।

जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

९.१ परिचालनको समय सीमा (Target Response Time)

| कार्य | समय लक्ष्य (Target Time) |
|---|---|
| सूचना पुस्टि | ५ मिनेट भित्र |
| QRT प्रस्थान | १० मिनेट भित्र |
| घटनास्थल पुग्ने (सडक पहुँच भएमा) | ३० मिनेट देखि १ घण्टा |
| प्रारम्भिक रिपोर्टिङ | घटनास्थल पुगेको १० मिनेटमा |

## १०. स्रोत-साधन र उपकरण व्यवस्थापन (Resources and Logistics Management)

### १०.१ खोज तथा उद्धार उपकरण (Search & Rescue Equipment)

- **व्यक्तिगत सुरक्षा उपकरण (PPE):** हेलमेट, पन्जा, लाइफ ज्याकेट (बाढीका लागि), गमबुट, र टर्च लाइट।
- **हल्का उद्धार उपकरण (Light Equipment):** स्ट्रेचर, डोरी (Ropes/Carabineers), बन्चरो, साबेल, गैंची, र पोर्टेबल कटर।
- **भारी उपकरण (Heavy Equipment):** एक्साभेटर (Excavator), ब्याक-हो लोडर (JCB), र क्रेन। (यी मुख्यतया पहिरो हटाउन र सडक खुलाउन प्रयोग हुनेछन्)।

### १०.२ सवारी साधन व्यवस्थापन (Transportation)

- **QRT को लागि:** जिल्ला प्रहरी र सशस्त्र प्रहरीका २-२ वटा पिकअप भ्यान र द्रुत गतिको लागि मोटरसाइकलहरू।
- **IRT को लागि:** नेपाली सेनाको ट्रक र ठूला मालवाहक सवारी।
- **निजी सवारी अधिग्रहण:** विपद् ऐन २०७४ अनुसार आवश्यक परेमा जिल्लाका निजी बोलेरो वा ट्रकहरूलाई तत्काल प्रयोगमा ल्याइनेछ।

## ११. भारी उपकरणको "रोस्टर" (Heavy Equipment Inventory)

संखुवासभामा कार्यरत निर्माण कम्पनीहरू र आयोजनाहरूसँगको समन्वयमा मेसिनहरूको विवरण अद्यावधिक राखिनेछ:

| उपकरणको प्रकार | स्वामित्व | स्थान (Location) | सम्पर्क व्यक्ति |
|---|---|---|---|
| एक्साभेटर (५ थान) | सडक डिभिजन / निजी | खाँदबारी/चैनपुर | |
| डोजर (३ थान) | अरुण-३ आयोजना | प्याक्सिन्दा/नुम | |
| लोभेडर (२ थान) | गाउँपालिका/नगरपालिका | पालिकाको केन्द्र | |

## १२. स्वास्थ्य तथा औषधि व्यवस्थापन

- **Medical Kits:** प्रत्येक QRT टोलीसँग एउटा 'Emergency Trauma Kit' रहनेछ।
- **एम्बुलेन्स परिचालन:** जिल्लाभर रहेका १० वटै स्थानीय तहका एम्बुलेन्सहरूलाई एकीकृत कमाण्डमा राखिनेछ।
- **रक्त बैंक:** जिल्ला अस्पताल, खाँदबारीसँग समन्वय गरी आवश्यक रगतको मौज्दात सुनिश्चित गरिनेछ।

प्रमुख जिल्ला अधिकारी

## १३. इन्धन र खाद्यान्न व्यवस्था (Fuel and Food Supply)

- **इन्धन डिपो:** खाँदबारी र तुम्लिङटारमा रहेका पेट्रोल पम्पहरूमा विपद्का लागि न्यूनतम ५००० लिटर इन्धन स्टक' राख्न समन्वय गरिनेछ।
- **खाद्यान्न (Dry Food):** उद्धारकर्मी र पीडितका लागि तयारी खाद्यान्न (बिस्कुट, चाउचाउ, पानी) को मौज्दात नेपाल रेडक्रस र उद्योग वाणिज्य संघको सहयोगमा व्यवस्था गरिनेछ।

## १४. समन्वय र सहकार्य (Coordination and Collaboration)

### १४.१ स्थानीय तहसँगको समन्वय (Local Level Coordination)

- **स्थानीय विपद् व्यवस्थापन समिति (LDMC):** प्रत्येक पालिकाको प्रमुखको संयोजकत्वमा रहेको समितिसँग चौबीसै घण्टा सम्पर्क कायम गर्ने।
- **स्रोतको साझेदारी:** पालिकाका एम्बुलेन्स, डोजर र दमकललाई QRT को नेतृत्वमा परिचालन गर्न पूर्व-सहमति कायम गर्ने।
- **स्वयंसेवक परिचालन:** वडा स्तरमा रहेका सामुदायिक विपद् प्रतिकार्य कार्यदल (CDRT) लाई QRT सँग जोड्ने।

### १४.२ प्रदेश सरकारसँगको समन्वय (Provincial Coordination)

- **प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्र (PEOC):** जिल्लाको स्थितिबारे प्रदेशलाई निरन्तर जानकारी गराउने।
- **प्रादेशिक मन्त्रालय:** आन्तरिक मामिला तथा कानून मन्त्रालयमार्फत थप बजेट र उद्धार सामग्री (पाल, औषधि, कम्बल) माग गर्ने।
- **विशेषज्ञ सेवा:** ठूला घटनामा प्रदेशबाट दक्ष गोताखोर वा विशेष उद्धार टोली माग गर्ने।

### १४.३ संघीय सरकारसँगको समन्वय (Federal Coordination)

- **गृह मन्त्रालय र NEOC:** राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रसँग प्रत्यक्ष सम्पर्कमा रही हेलिकोप्टर रेस्क्यु (Air Airlift) का लागि समन्वय गर्ने।
- **सुरक्षा निकायको केन्द्र:** नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको प्रधान कार्यालयबाट थप जनशक्ति र प्रविधि माग गर्ने।
- **सडक विभाग र जलविद्युत आयोजना:** कोशी राजमार्ग र अरुण-३ जस्ता आयोजनाका मेसिनहरू परिचालन गर्न सम्बन्धित विभाग र कम्पनीका केन्द्रहरूसँग समन्वय गर्ने।

### १४.४ गैर-सरकारी र निजी क्षेत्रसँगको सहकार्य

- **नेपाल रेडक्रस सोसाइटी:** तत्काल राहत सामग्री (गैर-खाद्य) र रगत व्यवस्थापनका लागि।
- **उद्योग वाणिज्य संघ:** खाद्यान्न र इन्धनको निरन्तर आपूर्तिका लागि।
- **निर्माण व्यवसायी संघ:** सडक अवरुद्ध हुँदा तत्काल डोजर र जनशक्ति उपलब्ध गराउन।

### १४.५ समन्वयको माध्यम (Coordination Tools)

- **समन्वय बैठक:** मनसुन सुरु हुनु अगाडि र विपद्को समयमा दैनिक 'ब्रिफिङ' बैठक।
- **संयुक्त कमाण्ड पोस्ट (Joint Command Post):** घटनास्थलमा सबै निकायको एउटै नेतृत्व प्रणाली।

## १५. चुनौती र समाधानका उपायहरू (Challenges and Mitigation Measures)

### १५.१ भौगोलिक र प्राकृतिक चुनौतीहरू

- **चुनौती:** जिल्लाको भिरालो भू-भाग र सडक सञ्जाल नपुगेका गाउँहरू (जस्तै: भोटखोलाको माथिल्लो भेग) मा पैदल यात्रा गर्दा 'प्रतिक्रिया समय' (Response Time) लामो हुनु।
- **समाधान:**
- रणनीतिक स्थानहरूमा **'हेलिप्याड'** को निर्माण र मर्मत सम्भार गर्ने।
- स्थानीय स्तरमै **'सामुदायिक प्रतिकार्य टोली'** गठन गरी तालिम दिने, ताकि QRT नपुग्दासम्म प्रारम्भिक उद्धार हुन सकोस्।

### १५.२ सञ्चारको अवरोध

- **चुनौती:** वर्षायाममा टेलिफोन टावरहरू अवरुद्ध हुने र 'डेड जोन' हरूमा मोबाइल नेटवर्क नहुँदा घटनास्थलको सूचना ढिलो प्राप्त हुनु।
- **समाधान:**
- सुरक्षा निकायको VHF/UHF रेडियो फ्रिक्वेन्सी लाई जिल्लाभर सुदृढ बनाउने।
- अति विकट क्षेत्रमा परिचालन हुने IRT टोलीलाई अनिवार्य रूपमा **स्याटेलाइट फोन** उपलब्ध गराउने।

### १५.३ स्रोत र उपकरणको अभाव

- **चुनौती:** आधुनिक खोज तथा उद्धार उपकरण (जस्तै: लाइफ डिटेक्टर, अत्याधुनिक कटर) को अभाव र भएका उपकरणहरूको नियमित मर्मत नहुनु।
- **समाधान:**
- जिल्लाका १० वटै स्थानीय आवश्यक व्यवस्थापन गरिने।
- अरुण-३ जस्ता ठूला आयोजनाहरूसँग सम्झौता गरी उनीहरूका उपकरणहरू विपद्को समयमा अनिवार्य उपलब्ध गराउने व्यवस्था मिलाउने।

### १५.४ समन्वय र कमाण्डमा द्विविधा

- **चुनौती:** कार्यक्षेत्रको स्पष्टता नहुँदा सुरक्षा निकाय र स्थानीय तहबीच को पहिला जाने वा खर्च कसले बेहोर्ने भन्ने विषयमा अलमल हुनु।
- **समाधान:**
- **एकद्वार कमाण्ड प्रणाली** (Single Command System) लागू गर्ने, जहाँ प्रमुख जिल्ला अधिकारीको निर्देशन अन्तिम हुनेछ।
- विपद् परिचालन कार्यविधि बनाई बजेट र खर्चको अख्तियारी पहिल्यै स्पष्ट पार्ने।

### १५.५ जनशक्तिको व्यवस्थापन

- **चुनौती:** तालिमप्राप्त जनशक्ति सरुवा भइरहने र नयाँ आउनेहरूलाई जिल्लाको भूगोलबारे जानकारी नहुनु।
- **समाधान:**
- प्रत्येक सुरक्षा युनिटमा **'स्थानीय गाईड'** वा भूगोल बुझेका सदस्यलाई अनिवार्य समावेश गर्ने।
- नयाँ आउने टोलीका लागि तत्काल **'अभिमुखीकरण र स्थलगत भ्रमण'** को व्यवस्था गर्ने।

## १६. निष्कर्ष (Conclusion)

संखुवासभा जिल्लाको भौगोलिक विशिष्टता, भिरालो भू-बनोट, र मनसुनी संवेदनशीलताका कारण विपद् जोखिम न्यूनिकरण राज्यको सर्वोच्च प्राथमिकता हुनुपर्दछ। यस **QRT र IRT परिचालन योजना**को तर्जुमा केवल एक औपचारिक दस्ताबेजको रूपमा मात्र नभई जिल्लावासीको जीउ-धनको रक्षा गर्ने एक भरपर्दो कवचको रूपमा गरिएको छ। यस योजनाको सफल कार्यान्वयनबाट निम्न उपलब्धिहरू हासिल हुने अपेक्षा गरिएको छ:

१. **समयको बचत:** "शून्य समय प्रतिक्रिया" (Zero Response Time) को अवधारणाले गर्दा घाइतेहरूको उद्धारमा हुने ढिलाइ हट्नेछ र 'गोल्डेन आवर' भित्रै उपचार सुनिश्चित हुनेछ।

२. **प्रभावकारी समन्वय:** सुरक्षा निकाय, स्थानीय तह र निजी क्षेत्र (विशेष गरी अरुण-३ जस्ता ठूला आयोजना) बीचको कार्यगत अन्योलता हटी स्रोत-साधनको एकीकृत र मितव्ययी परिचालन हुनेछ।

३. **दक्षता अभिवृद्धि:** नियमित तालिम र नक्कली अभ्यास (Mock Drills) ले उद्धारकर्मीहरूको मनोबल उच्च राख्नेछ र प्रविधिको प्रयोगले कठिन भूगोलको चुनौतीलाई कम गर्नेछ।

४. **जनविश्वासको वृद्धि:** विपद्को समयमा राज्यको संयन्त्र तत्काल घटनास्थलमा पुग्दा नागरिकमा सुरक्षाको अनुभूति हुनेछ।

प्रमुख जिल्ला अधिकारी

## संखुवासभा जिल्लामा सुरक्षाको दृष्टिले संवेदनशील रहेका स्थानहरु:-

| सि.न. | संवेदनशिल स्थानहरु | नजिकै रहेको वडा नं. | नेपाल प्रहरीको युनिट | सशस्त्र प्रहरी युनिट |
|---|---|---|---|---|
| १ | खाँदवारी न.पा. | सबै(सम्भावित) | जिप्रका संखुवासभा | स.प्र.बल नेपाल सुरक्षा बेश खाँदबारी |
| २ | सिलिचोङ गा.पा. | वडा नं. १ होयाङ्ला,तन्छोङ याङ्सिमा | प्रचौ सिसुवाटार | स.प्र.बल नेपाल बिमानस्थल सुरक्षा बेश तुम्लिङटार |
| | | वडा नं. २ चित्रे, डाडागाँउ, | प्रचौ ताम्कु | |
| | | वडा नं. ३ सिकिदिम | प्रचौ ताम्कु | |
| | | वडा नं. ५ गौथला | ईप्रका याफू | |
| ३ | चिचिला गा.पा. | वडा नं. १ बर्खे | प्रचौ चिचिला | |
| | | वडा नं.-२ पुखुवा, याङ्दा. गाँउ | प्रचौ चिचिला<br>अप्रपो पुखुवा | स.प्र.बल नेपाल अरुण तेश्रो जल विधुत् परियोजना सुरक्षा बेश संखुवासभा |
| ४ | सभापोखरी गा.पा. | वडा नं.५ सुनाम्ला, फाकुवा, | ईप्रका वाना<br>प्रचौ बाह्रबिसे<br>प्रचौ धुपु | स.प्र.बल नेपाल नं.४ गुल्म हे.क्वा चैनपुर संखुवासभा |
| | | वडा नं. ६ स्वाची | | |
| ५ | चैनपुर न.पा. | वडा नं. १ गुफापोखरी, स्यालधोती,पोक्लाबुङ, मैदाने, | ईप्रका चैनपुर<br>ईप्रका गुफापोखरी | |
| | | वडा नं. ४ कोक्सा, बतासे, मैदाने, मच्छेबुङ फागुने, तल्लो, माथिल्लो प्याङकोट | ईप्रका चैनपुर<br>प्रचौ सिद्धपोखरी | |
| | | वडा नं. १० खराङ,चापाबोटे, चापाभुई, राउत गाँउ, राउत बेसी, भैसे वेसी, बानेश्वर | ईप्रका चैनपुर<br>प्रचौ खराङ<br>अप्रपो सभाखोला | |
| ६ | धर्मदेवि न.पा. | वडा नं. २ तामाफोक | प्रचौ मुढेशनिश्चरे | स.प्र. बल नेपाल नं.४ गुल्म हे.क्वा चैनपुर |
| ७ | मादी न.पा. | वडा नं. ४ कुलुङ, नयाधारा | प्रचौ मादिमुलखर्क, | |

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| | | | राम्बेनी | संखुवासभा |
| | | वडा नं. ५ च्याङ्रिङ, ढाडेगाँउ, बाघा, मावादिन, फाबिङ, वेतेनी, पसलडाडा | प्रचौ मादिमुलखर्क, राम्बेनी | |
| ८ | पाँचखपन न.पा. | वडा नं. १ देउराली, कुसुवा, ओक्तेन, हाडी गाँउ | ईप्रका वाना | स.प्र. बल नेपाल नं.४ गुल्म हे.क्वा चैनपुर संखुवासभा |
| | | वडा नं. ८, मालबासे, पोख्राङ, चुङखुरुङ, नागिडाडा, | | |
| | | वडा नं. ९ तेर्से, साउनेचुली, शिरनागी, भालुखोप्, चौरीखर्क, डाडे, याङ्सुजुङ, | ईप्रका वाना अप्रपो टाईगरचोक | |
| ९ | मकालु गा.पा. | वडा नं. ५ माङसिमा | ईप्रका हेदांनाबाट प्रचौ नुम | स.प्र.बल नेपाल अरुण तेश्रो जल विधुत् परियोजना सुरक्षा बेश संखुवासभा |
| | | वडा नं.-३ फाक्सिन्दा | ईप्रका हेदाङ्ना प्रचौ नम | |
| १० | भोटखोला गा.पा. | वडा नं. १/२/३/४/५ | ईलाका प्रहरी चौकी हटिया गोला | स.प्र.बल नेपाल वि.ओ.पि किमाथाङ्का |



## संखुवासभा जिल्लामा विपद् जोखिमको अवस्था :-

| सिन | जिल्ला | न.पा./गाँ.पा. | वडा नं. | घटना घट्न सक्ने स्थान/क्षेत्र | विपदको किसिम |
|---|---|---|---|---|---|
| १ | संखुवासभा | सिलिचोङ गा.पा. | १ | गोगने, बेसिन्दा | पहिरो |
| २ | संखुवसभा | सिलिचोङ गा.पा. | २ | सालघारी | पहिरो |
| ३ | संखुवासभा | मकालु गा.पा. | १ | चिरखाना | पहिरो |
| ४ | संखुवासभा | मकालु गा.पा. | ३ | सिम्मा, नयाँ बस्ति, उलिङ, कारमाराङ | बाढी, पहिरो |
| ५ | संखुवासभा | भोटखोला गा.पा. | ४ | अदिमा | पहिरो |
| ६ | संखुवासभा | खा.न.पा. | २ | वेतनी | पहिरो |
| ७ | संखुवासभा | चिचिला गा.पा. | १ | आरुबोटे, मजुवा, बजारे, भालुखोप | बाढि, पहिरो |
| ८ | संखुवासभा | चिचिला गा.पा. | २ | आहाले, ईम्चुङ, खेवाटार, आम्दा, लप्से, वखुवा | बाढि, पहिरो |

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | संखुवासभा | चिचिला गा.पा. | ३ | दिदिङ, वेसी, डाडागाँउ, खर्सु | बाढि, पहिरो |
| १० | संखुवासभा | चिचिला गा.पा. | ४ | भिगुमा, डाडागाँउ, खारमिले | बाढि, पहिरो |
| ११ | संखुवासभा | चिचिला गा.पा. | ५ | फुदे, सुनार गाँउ, फाक्सिन्दा | बाढि, पहिरो |
| १२ | संखुवासभा | सभापोखरी गा.पा. | ३ | सिम्ले | पहिरो |
| १३ | संखुवासभा | सभापोखरी गा.पा. | ५ | फाकुवा | पहिरो |
| १४ | संखुवासभा | सभापोखरी गा.पा. | ६ | स्वाची | पहिरो |
| १५ | संखुवासभा | चै.न.पा. | ११ | खहरे | बाढिपहिरो |
| १६ | संखुवासभा | चै.न.पा. | ११ | आलडाडा | बाढिपहिरो |
| १७ | संखुवासभा | चै.न.पा. | १ | डाँडाखर्क | पहिरो |
| १८ | संखुवासभा | चै.न.पा. | १ | भित्रे | बाढि, पहिरो |
| १९ | संखुवासभा | चै.न.पा. | १० | दशरथ, पानीघट्टा, मझुवा, दुम्कट्टा, लेवारिङ, झीलमिले, ईखुम्बा, दोभान | बाढि, पहिरो |
| २० | संखुवासभा | चै.न.पा. | ४ | मैदाने, दोभाने, प्याङकोट | बाढि, पहिरो |
| २१ | संखुवासभा | चै.न.पा. | २ | खोला, चित्लाङ | बाढि, पहिरो |
| २२ | संखुवासभा | चै.न.पा. | ३ | कटुवा | पहिरो |

## संखुवासभा जिल्लाका प्रमुख खोला एंव नदीहरु साथै तिनले क्षति गर्न सक्ने स्थानहरु :-

| सिनं. | खोला/नदीको नाम | विगतमा प्रभावित र आगामी दिनमा प्राभाव पर्ने सक्ने क्षेत्रहरु |
|---|---|---|
| १ | अरुण नदी | भोटखोला, सिलिचोङ, मकालु गा.पा. र खाँदवारी, चैनपुर धर्मदेबी, न.पा. |
| २ | बरुण नदी | भोटखोला, मकालु गा.पा. |
| ३ | सभाखोला | सभापोखरी, गा.पा. र पाचँखपन, खाँदबारी, चैनपुर न.पा. |
| ४ | पिलुवा खोला | मादी, चैनपुर, धर्मदेबि न.पा. |
| ५ | मायाँखोला | मादी, धर्मदेबि न.पा. |
| ६ | हेवाँखोला | पाचँखपन, चैनपुर न.पा. |
| ७ | लंखुवा, ठोकुवा, कागुवा, ओरङ, गोपिनी खोला | चिचिला गा.पा |
| ८ | संखुवा, सिसुवा, खङ्लुवा, बावुवा खोला | सिलिचोङ गा.पा. |

प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| ९ | खेकुवा, कुसुवा खोला | पाँचखपन न.पा. |
| १० | ईखुवा, पिखुवा, काँसुवा, ईप्सुवा, आप्सुवा, पावा खोला | मकालु गा.पा. |
| ११ | तिजु, खाङ्दा, थोगुम खोला | भोटखोला गा.पा. |

समाप्त

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
संखुवासभा

प्रमुख जिल्ला अधिकारी